CC-0. In Public Domain. Digitization by eGangotri

कालीकर्पूरस्तोत्रम्



व्याख्याकार
गिरिधारी भट्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्रीः

श्रीमहाकालप्रणीतं

कालीकर्पूरस्तोत्रम्

(नेपाली व्याख्या सहित)

व्याख्याकार

गिरिधारी भट्ट

सम्पादन

श्रीकृष्ण गौतम/नन्दन भट्टराई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पुस्तक	:	कालीकर्पूरस्तोत्रम्
व्याख्याकार	:	गिरिधारी भट्ट
सम्पादक	:	श्रीकृष्ण गौतम/सह प्रा. नन्दन भट्टराई
प्रकाशक	:	सूरज शमशेर ज.ब.रा.
प्रकाशनकाल (पहिलो)	:	श्रीपञ्चमी, २०६५
प्रति	:	१०००/-
कम्प्यूटर	:	सरस्वती घिमिरे
मुद्रक	:	ए.बी. सेक्रेटरियल एण्ड प्रिन्टर्स प्रा.लि., बागबजार, काठमाडौं, फोनः ४२४३५३६, मोबाइल :९८५१०५५५७६
मूल्य	:	रु. ५०/-
सर्वाधिकार	:	व्याख्याकारमा निहित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुई शब्द

कालीकर्पूरस्तोत्र जगदम्बा कालीको स्वरूपलाई उजागर गर्ने स्वरूपाख्य स्तोत्र हो। यो स्तोत्र सानो भैकन पनि धेरै विधाहरूले पूर्ण छ। ध्यान, मन्त्र, पूजा, जप, पुरश्चरण आदि साधनाका सबै विधा यसभित्र पाउन सकिन्छ। यो स्तोत्रको व्याख्या धेरै विद्वानहरूले गर्नुभएको छ। पाठ गर्दै जाँदा यसभित्रको साधना गरेमा जगदम्बाको करुणा प्राप्त गर्न सकिने देखी साधनाको दृष्टिले यसको नेपालीमा कलम चलाउने प्रेरणा उनै जगदम्बाको कृपाबाट सम्भव भएको हो। नत्र म जस्तो अकिञ्चन व्यक्तिको औकात के छ र ? यो व्याख्याले जगज्जननीको साधनातिर पाठक वर्गलाई अलिकति डोऱ्याउन सके पनि आफूलाई धन्य सम्झनेछु।

यो स्तोत्रलाई प्रकाशित गरिदिनु हुने जगदम्बाको अनन्य भक्त सूरज शमशेर ज.ब.रा. ज्यूमा शुभाशीर्वाद प्रदान गर्दछु। यस स्तोत्रका साथै मेरा अन्य कृतिहरुमा पनि प्रेरणा दिँदै सहयोग गर्नुहुने कुलपुत्र श्रीकृष्ण गौतमज्यूलाई आशीर्वाद दिन्छु। अन्त्यमा, यस कालीकर्पूरस्तोत्रको सम्पादन गर्नुहुने मेरा प्रिय नन्दन भट्टराईलाई जगदम्बा कालिकाको कृपादृष्टि सदासर्वदा रहिरहोस् भन्ने शुभाशीष दिँदै दुई शब्द यही टुङ्ग्याउँदछु।

विनीत

गिरीधारी भट्ट

का.म.न.पा.वडा नं. २ लाजिम्पाट
श्रीमार्ग, फोन नं. : ४४१०५०१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गुरुवन्दना तथा चक्रचिन्तनम्

श्वेतं श्वेतविलेपमाल्यवसनं वामेन रक्तोत्पलं
बिभ्रत्या प्रिययेतरेण तरसा श्लिष्टं प्रसन्नाननम्।
हस्ताभ्यामभयं वरं च तदधः शम्भुस्वरूपं परं
हालालोहितलोचनोत्पलयुगं ध्यायेत् शिरस्थं गुरुम्॥

अद्य अहं सूर्योदयादारभ्य सूर्योदयपर्यन्तमहोरात्रचलित नासापुटनिःसृतश्वासप्रश्वासात्मकं षट्शताधिकमेकविंशतिसहस्र संख्याकमजपागायत्रीजपं मूलाधार-स्वाधिष्ठान-मणिपूराऽऽनाहत-विशुद्धाऽऽज्ञा-सहस्रदलकमलकर्णिकामध्यवर्तिभ्यो गणपति- ब्रह्मा-विष्णु-रुद्र-जीव-गुरु-परमात्मभ्यः सिद्धि-सरस्वती-लक्ष्मी-गौरी-प्राणशक्ति-ज्ञानशक्ति-चिच्छक्तिसहितेभ्यो यथासंख्यं षट्शतं, षट्सहस्रं, षट्सहस्रं, षट्सहस्रं, सहस्रैकं, सहस्रैकं, सहस्रैकं प्रत्येकं यथाभागं विभज्य श्रीमद्गुरोः पादुकायै च समर्पयामि।

अद्य सूर्योदयादारभ्य सूर्योदयपर्यन्तमहोरात्रचलित नासापुटनिःसृतश्वासप्रश्वासात्मकं षट्शताधिकमेकविंशतिसहस्र संख्याकमजपागायत्रीजपमहं करिष्ये।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ

श्रीशिखास्वच्छन्दभैरवस्तोत्रम्

नमामि देवदेवेशं शिखास्वच्छन्दभैरवम् ।
विभूषितं महाशंखश्वेतास्थिहारमालया ॥१॥
सार्धहार्धकलायुक्तं मोक्षमार्गप्रकाशकम् ।
योगिनीगणमध्यस्थं महदानन्ददायकम् ॥२॥
साकारेण स्थितं विश्वे निराकारेण व्यापकम् ।
वन्देऽहं देवदेवेशं शिखास्वच्छन्दभैरवम् ॥३॥
अन्तर्नादप्रवाहेण महाशान्तिप्रदायकम् ।
चक्रमध्ये स्थितं देवं महाज्ञानप्रदायकम् ॥४॥
घटाकाशस्थितं देवमालोकस्य प्रसारकम् ।
वन्देऽहं देवदेवेशं शिखास्वच्छन्दभैरवम् ॥५॥
चिदाकाशस्थितं देवं दिव्यदृष्टिप्रदायकम् ।
साक्षित्वं सर्वदेहिनां योगमार्गप्रकाशकम् ॥६॥
नादरूपं निराकारं समाधिफलदायकम् ।
नमामि देवदेवेशं शिखास्वच्छन्दभैरवम् ॥७॥
प्रातरुत्थाय यो नित्यं प्रपठेत् भक्तिपूर्वकम् ।
भैरवस्य प्रसादेन सर्वसिद्धिमवाप्नुयात् ॥८॥

इति श्रीगिरिधारिभट्टविरचितं शिखास्वच्छन्दभैरवस्तोत्रम् ॥

॥ शुभम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ॐ
CC-0.In Public Domain. Digitization by eGangotri
श्रीमहाकालप्रणीतं

कालीकर्पूरस्तोत्रम्

कर्पूरं मध्यमान्त्यस्वरपररहितं सेन्दु वामाक्षियुक्तं बीजं ते मातरेतत् त्रिपुरहरवधु त्रिःकृतं ये जपन्ति । तेषां गद्यानि पद्यानि च मुखकुहरादुल्लसन्त्येव वाचः स्वच्छन्दं ध्वान्तधाराधररुचिरुचिरे सर्वसिद्धिं गतानाम्॥१॥

कर्पूर शब्दको बीच र अन्त्य स्वर एवं पकार रकार रहित माथि अर्ध चन्द्र र विन्दुले युक्त हजूरको यो बीज, कालो बादल समान कान्तिले मनोहर भएकी त्रिपुर नाश गर्ने भगवान शिवकी पत्नी हे आमा! तीन पटक जसले जप्दछ, त्यस्ता साधकहरूको मुखबाट गद्य र पद्यको प्रवाह हुन थाल्दछ, तिनका सबै अशुभ नाश हुन्छ। तिनका वचनले अरुलाई सन्तोष दिन्छ, अज्ञानरूपी अन्धकारलाई नाश गर्ने स्वतः स्फूर्त ज्ञान रुचि अनुसार धारा प्रवाह निस्कन थाल्दछ र त्यस्ता साधकहरूलाई अणिमा आदि सबै सिद्धिहरू प्राप्त हुन्छ।

यहाँ क, र, प, उ, र, म, छ अक्षरहरू मिलेर 'कर्पूरम्' शब्द बनेको छ। तिनै छ अक्षरको बीच र अन्त्यको चार अक्षर हटाउँदा बाँकी रहने अक्षर क, र हुन्छ। यिनलाई जोड्दा 'क्र' अक्षर बन्दछ। यही 'क्र' अक्षर माथि नाद विन्दु कला र अर्धचन्द्र

CC-0.In Public Domain. Digitization by eGangotri

लगाउँदा निराकार परब्रह्म 'क्रं' रूपमा प्रकट हुन्छ। तन्त्र शास्त्र ले 'अ' अक्षरलाई ब्रह्म मानेको पाइन्छ। यहाँ आदि शक्तिको प्राकट्य हुने हुँदा ईकारबाट शक्तिको समेत समायोजन गरी 'क्रीं' अक्षर बन्दछ जसलाई कालिकाको स्वरूप मानिएको छ। यही मन्त्र बीज हो। यसलाई तीन पटक जप्नाले साधकका सबै अशुभ नाश हुन्छ र उ गद्य र पद्यमा धारा प्रवाह बोल्न थाल्दछ। जडता र अज्ञानरूपी अन्धकारको नाश भएर स्वतःस्फूर्त ज्ञानको उदय हुन्छ। त्यस्ता साधक भएका ठाउँमा सबै सिद्धिहरू जान्छन् भनिएको हो।

कुलपरम्परामा दीक्षित योग्य साधकसँग मन्त्र ग्रहण गरी मननपूर्वक नादमा मन्त्र बीजलाई समायोजन गरी जप्ने साधकको जडता अवश्य नाश हुन्छ र स्वतःस्फूर्त ज्ञानको उदय भई सिद्धिहरू प्राप्त गर्दछ।

ईशानः सेन्दुवामश्रवणपरिगतो बीजमन्यन्महेशि द्वन्द्वं ते मन्दचेता यदि जपति जनो वारमेकं कदाचित्। जित्वा वाचामधीशं धनदमपि चिरं मोहयन्नम्बुजाक्षी-वृन्दं चन्द्रार्धचूडे प्रभवति स महाघोरशावावतंसे ॥२॥

ईशान 'ह' मा बायाँ कान ऊकार लगाई माथि अर्ध चन्द्र लगाउँदा बन्ने बीजाक्षर 'हूँ हूँ' लाई जस्तै मन्दमतिले पनि एक पटक उच्चारण गर्दछ भने ठूला वाचस्पति र कुबेरलाई जित्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सक्दछ । अर्धचन्द्रलाई जरोमा सजाएकी ज्यादै भयङ्कर बालशवहरूको कुण्डल लगाएकी हे महेश्वरी! त्यसले कमलनयनी रमणीहरूको झुण्डलाई धेरै समयसम्म मोहित पार्न सक्दछ।

घोरशावा र हूँकार यस श्लोकको प्रमुख पक्ष हो। पहिलो बीजले सर्वव्यापक चेतन ब्रह्मको चिन्तन र दोस्रो बीजले नाद ब्रम्हलाई संकेत गरेको छ। यसरी चेतन ब्रम्हलाई र नाद ब्रम्हको साथै 'हँ' ईशानको संकेत गरेर प्रकाश ब्रम्हको स्थिति पनि दर्शाउन खोजिएको छ।

ठूला ठूला योगीहरूले तपस्या र चिन्तनद्वारा जीवनपर्यन्त प्राप्त गर्न नसकेको विद्यालाई यिनै श्लोकले उपलब्ध गराएको छ। सद्गुरुबाट यसको प्रक्रिया सिकेर साधना गर्न सके थोरै दिनमा नै परमात्मामा लीन हुन सकिन्छ। मन्त्रलाई मालाको सहायताले जप गरेर मात्रै हुँदैन। तन्त्रशास्त्रमा मन्त्रलाई मनन गर्ने आफ्नै तरिका छ। मन्त्रलाई मनन गर्ने तरिका, मन्त्रको उपादेयता, मन्त्रको माध्यमबाट शक्तिको प्राकट्य आदि अन्य कतिपय विधाहरूलाई नसिकी मन्त्रको महत्त्व थाहा हुँदैन। शास्त्रले गुरु, देवता र मन्त्रलाई एकै भावना गर्न निर्देश गरेको छ। मन्त्र लिएर पुरश्चरण गरेमा मन्त्र सिद्ध हुन्छ भनिएको छ तर कसको अभीप्सा सिद्ध भएको छ र ? त्यसकारण दिव्य वीर गुरुको शरण नपरी वास्तविकता पाइँदैन।

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri

ईशो वैश्वानरस्थः शशधरलिसदामनेत्रेण युक्तो
बीजं ते द्वन्द्वमन्यद्विगलितचिकुरे कालिके ये जपन्ति ।
द्वेष्टारं ते निहन्ति त्रिभुवनमभितो वश्यभावं नयन्ति[1]
सृक्कद्वन्द्वास्रधाराद्वयधरवदने दक्षिणे कालिकेति[2] ॥३॥

ईश 'ह', वैस्वानर 'र' को योगले बन्ने अक्षर 'ह्र' मा दीर्घ ईकार र अर्धचन्द्र विन्दु लगाउँदा बन्ने हजूरको माया बीज 'ह्रीं'लाई जो दुई पटक जप्दछन्, झाँक्रो फिँजाएकी ओठका दुई कुनाबाट रगत बगाउँदी हे दक्षिणकालिके! त्यस्ता साधकले आफूसँग द्वेष राख्ने शत्रुलाई नाश गर्दछन् र त्रिभुवनलाई वशमा गर्न सक्दछन् ।

यो श्लोकमा जगदम्बा कालिकाको मुखको दुई कुनाबाट रगत बगिरहेको अर्थ रगत रजोगुणको प्रतीक हो । मुखको कुनाबाट रगत बगेको अर्थ रजोगुणलाई बाहिर फालेको सम्झनु पर्दछ। त्यसकारण देहमा तमोगुण र रजोगुण रहेसम्म जगदम्बाको चिन्तन हुन नसक्ने हुँदा सत्त्वगुण परायण भएर माया बीजको मनन गर्ने संकेत बताइएको छ। त्यस्तै विगलितचिकुरेको अर्थ केशको लट्टा फिँजाएकी पनि हुन्छ र तप्किएको रगतबाट केश

---

[1] 'द्वेष्टारं घ्नन्ति ते च ।' 'द्वेष्टारं ते दहन्ति' त्रिभुवनमपि ते वश्यभावं नयन्ति ।' इति पाठान्तरम्-सम्पादकः ।

[2] अक्षरे च ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

भिजेको पनि हुन्छ यस्तो ध्यान अझ सशक्त हुन्छ। यो विधा दिव्याचारको लागि मात्र हुन्छ, अरुलाई निषिद्ध छ। यसप्रकारको ध्यान जप पूजा आदि संकेतलाई बुझेर मात्र गर्नुपर्ने हुन्छ।

CC-0.In Public Domain. Digitization by eGangotri

ऊर्ध्वं वामे कृपाणं करकमलतले छिन्नमुण्डं ततोऽधः[1]
सव्येऽभीतिं वरं च त्रिजगदघहरे दक्षिणे कालिके च।
जप्त्वैतन्नाम ये वा तव विमलतनुं भावयन्त्येतदम्ब[2]
तेषामष्टौ करस्थाः प्रकटितरदने[3] सिद्धयस्त्र्यम्बकस्य॥४॥

वायाँ बाहुलीको माथितिर खड्ग, तल्लो बाहुलीमा भर्खर छिनालेको टाउको, दायाँतिर माथिल्लो बाहुलीले अभय र तल्लो बाहुलीले वरमुद्रा धारण गरेकी, आफ्ना दन्तपंक्तिलाई स्पष्ट देखाउने भएकी, तीनै लोकको पाप नाश गर्ने भएकी हे दक्षिणकालिके! जसले हजूरको निर्मल देहको ध्यान गर्दै मन्त्र जप्दछन् तिनलाई त्र्यम्बक शिवका सिद्धिहरू हस्तगत हुन्छ। मुखबाहिर निस्किएका दन्त लहरको ध्यान गरेमा सम्पूर्ण पापहरु नाश हुन्छ। साधक शिव समान बन्दछ।

यहाँ खड्ग ज्ञानको प्रतीक हो र केश समेत भर्खर काटिएको टाउको तमोगुण र रजोगुणको प्रतीक हो। जबसम्म

---

[1] 'छिन्नमुण्डं दधानाम्।'
[2] तव मनुविभवं भावयन्तस्तदर्थम्।
[3] प्रकटितवदने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
रजोगुण र तमोगुण देहमा हुन्छ जगदम्बाको चरण कमलको साक्षात्कार हुँदैन । त्यसैले ज्ञानरूपी खड्गले तमोगुण र रजोगुणलाई छिनाले पछि वर र अभय जगदम्बाले प्रदान गर्नुहुन्छ भनिएको हो। दैहिक कर्म चिन्तन आदि सात्त्विक हुन सक्दैन। सात्त्विक चिन्तन चित्तमा मात्र हुन सक्दछ, त्यसैले आन्तरिक ध्यान-योगको प्रक्रिया विज्ञजनबाट सिकेर साधना गर्नु उपयुक्त हुन्छ।

वर्गाद्यं वन्हिसंस्थं विधुरतिललितं[1] तत्त्रयं कूर्चयुग्मं
लज्जाद्वन्द्वञ्च पश्चात् स्मितमुखि तदधष्ठद्वयं योजयित्वा ।
मातर्ये वा जपन्ति[2] स्मरहरमहिले भावयन्तः स्वरूपं
ते लक्ष्मीलास्यलीलाकमलदलदृशः कामरूपा भवन्ति॥५॥

व्यञ्जन वर्णको पहिलो अक्षर 'क' मा अग्निबीज 'र' लगाउँदा 'क्र' बन्दछ त्यसमा ईकार र चन्द्रविन्दु लगाउँदा 'क्रीँ' मन्त्रको उध्दार हुन्छ । हँसिलो मुहार भएकी स्मरहरवधु (शिवपत्नी) हे आमा! जसले हजूरको हँसिलो मुहारको ध्यान गर्दै स्वरूपाख्य बीज तीन क्रीँ क्रीँ क्रीँ, त्यसपछि दुईवटा कूर्च वीज हूँ हूँ अनि दुईवटा लज्जा बीज ह्रीँ ह्रीँ माँ ठः ठः थपेर यसरी क्रीँ क्रीँ क्रीँ हूँ हूँ ह्रीँ ह्रीँ ठः ठः जप गर्दछ त्यस्ता साधक लक्ष्मीलाई

---

[1] विधुरतिवलितम् ।

[2] स्मरन्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नचाउन सक्ने लीलाकमलको दल झैं आँखा भएका कामदेव समान सुन्दर बन्दछन्। अर्थात् त्यस्ता साधकको घरमा लक्ष्मीले लास्यलीला अर्थात् ऐश्वर्यको वर्षा गर्दै नृत्य गर्दछिन् र तिनको रूप कमलपत्र जस्तो कोमल र कामदेव समान सुन्दर बन्दछ।

प्रत्येकं वा द्वयं वा त्रयमपि च परं बीजमत्यन्तगुह्यं त्वन्नाम्ना योजयित्वा सकलमपि सदा भावयन्तो जपन्ति। तेषां नेत्रारविन्दे विहरति कमला वक्त्रशुभ्रांशुबिम्बे वाग्देवी देवि मुण्डस्रगतिशयलसत्कण्ठपीनस्तनाढ्ये[1]॥६॥

मुण्डमाला कण्ठमा पहिरिएर शोभायमान भएकी, पीनस्तनकी धनी हे भगवती कालिके! हजूरको अत्यन्त गोप्य मन्त्र बीजहरू एक, दुई वा तीन वा सोभन्दा धेरै अक्षर भएको बीजमन्त्रमा हजूरको नाम जोडेर एक वा सबै मन्त्रलाई भावपूर्वक जप्दछन् भने त्यस्ता साधकको नेत्रारविन्दमा सधैं लक्ष्मीले विहार गर्दछिन् र चन्द्रमा जस्तो उज्ज्वल त्यस साधकको मुखमा सरस्वती रमाइरहन्छिन्।

प्रत्येकं वा भन्नाले 'क्रीं दक्षिणकालिकायै, हूँ दक्षिणकालिकायै, ह्रीं दक्षिणकालिकायै स्वाहा!' मन्त्रको पछाडि

---

[1] लसत्पीनकुम्भस्तनाढ्ये।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

स्वाहा लगाउने। 'क्रीं हूँ दक्षिणकालिकायै स्वाहा। क्रीं हूँ ह्रीं
CC-0.In Public Domain. Digitization by eGangotri
दक्षिणकालिकायै स्वाहा। हूँ ह्रीं क्रीं दक्षिणकालिकायै स्वाहा।
ह्रीं दक्षिणकालिकायै स्वाहा। ह्रीं हूँ दक्षिणकालिकायै स्वाहा।'
यस्तैगरी दक्षिणकालिकाको मन्त्रहरू धेरै प्रकारका छन्,
त्यसमध्ये सर्वोत्कृष्ट मानिएको मन्त्र 'क्रीं क्रीं क्रीं हूँ हूँ ह्रीं ह्रीं
दक्षिणे कालिके क्रीं क्रीं क्रीं हूँ हूँ ह्रीं ह्रीं स्वाहा' हो, यो बाइस
अक्षरको छ।

यो श्लोकमा मन्त्र र ध्यान गर्ने मूर्तिको समेत संकेत
गरिएको छ। साथै बोधपूर्ण अन्तर साधना एवं ध्यानको स्तर र
उपादेयता पनि उजागर गरिएको छ।

गतासूनां बाहुप्रकरकृतकाञ्चीपरिलस-
न्नितम्बां दिग्वस्त्रां त्रिभुवनविधात्रीं त्रिनयनाम् ।
श्मशानस्थे तल्पे शवहृदि महाकालसुरत-
प्रसक्तां त्वां ध्यायन् जननि जडचेता अपि कविः ॥७॥

हे जगन्माता! मुर्दाको हातको काञ्चीले शोभायमान
नितम्ब भएकी, नाङ्गी, तीन नेत्र भएकी, श्मशानभूमिको तलमा
शवमाथि शिव शिवमाथि रहेका महाकालमाथि विपरीत रतिको
आनन्द लिइरहेकी तीनै लोकको सृष्टि गर्ने हजूरको यस्तो अवस्था
र स्वरूपको ध्यान गर्ने पटमूर्ख नै भए पनि महाकवि बन्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सृष्टि अवस्था की जननीलाई कर्मबन्धनद्वारा प्राप्त गर्न नसकिने रहस्य करमेखलाबाट बुझ्नु पर्ने हुन्छ। त्यस्तै श्मशानको अर्थ शून्य चित्तलाई लिनुपर्दछ। प्राणले देहलाई छोड्ने बित्तिकै तेज र जलतत्त्वले पनि छोड्दछ। पृथ्वी र आकाश तत्त्व मात्र श्मशान भूमिमा पुग्दछ। शव दाहपछि खरानी माटोमा र घटाकाश आकाशमा मिल्दछ, बाँकी केही रहन्न, रहन्छ भने मात्र शून्य। त्यस्तै विकार युक्त चित्तमा जननीको चिन्तन संभव छैन। साधनपथ (ध्यानमार्ग) मा अघि बढ्दै गएपछि विचारहीन अवस्था प्राप्त भएपछि मात्र जगज्जननीको साधना फलदायी हुन्छ। यो श्लोकले मृत्युको रहस्यतिर पनि संकेत गरेको छ। यदि बुझेर साधना गर्न सके मृत्युको रहस्यलाई अनुभव गर्न सकिन्छ। महाकाल र कालिकाको कारण नै चतुर्विध सृष्टि भएको बोध प्राप्त हुन्छ।

शिवाभिर्घोराभिः शवनिवहमुण्डास्थिनिकरैः
परं सङ्कीर्णायां प्रकटितचितायां हरवधूम्।
प्रविष्टां सन्तुष्टामुपरि सुरतेनातियुवतीं[1]
सदा त्वां ध्यायन्ति क्वचिदपि न तेषां परिभवः ॥८॥

जतातै मुर्दा र मुर्दाका टाउकाहरू लडिरहेका, जतातै छरिएका हाडहरू अनि त्यसमाथि डरलाग्दो स्वरमा कराइरहेका

[1] सुरतेनापि युवतीम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्यालहरू चौतर्फ छन् । यस्तो भयले व्याप्त श्मशान भूमिमा बलिरहेको चितामा प्रविष्ट हुँदै शान्त चित्त भएर विपरित रतिको अवस्थामा आनन्दित रहने भएकी हजूरको यौवनले परिपूर्ण अवस्थाको ध्यान गर्ने साधकको पराजय हुँदैन ।

यो श्लोकमा साधनाका दुई विधाको संकेत गरिएको छ । प्रथमस्तरको साधकले नबुझ्न पनि सक्छन् । 'शिवाभिर्घोराभि' यसलाई बुझेर साधना गर्नुपर्ने हुन्छ। यो बाहिरी प्रक्रिया नभई आन्तरिक साधना हो । श्मशान भूमि, लाश, टाउका, हाडहरू सबै प्रतीकात्मक हुन् । साधकले लाश र टाउकोलाई तमोगुण र रजोगुण मान्नु पर्दछ भने हाडलाई सत्त्वगुण । चित्तमा तामसिक, राजसिक विचारहरु रहेसम्म चित्त विकारशून्य हुन सक्दैन र स्याल कराउनुको अर्थ अन्तरनादलाई मान्नु पर्दछ। मन्त्रध्वनिको श्रवण हुन थालेपछि मणिद्वीपबाट प्रकट हुने चिताग्नि (यो पनि प्रतीकात्मक हो) को बीच यौवनावस्थाकी जननीको ध्यान गर्ने साधक कहिल्यै पराजित हुँदैन भनिएको हो ।

आगमाचारमा निहित रहेको वास्तविक कालीको स्वरूप र महाकालको स्वरूपको बोध विज्ञ गुरु वा साधकबाट भएपछि चिन्तनको विषय कल्पनामा निहित रहँदैन। वास्तविक सत्यको बोध प्राप्त हुन्छ। यहाँ चिताग्नि भनेको बाहिरी चितालाई होइन मणिद्वीपबाट उठेको ज्वाला देहभरि फैलिन्छ तर पोल्दैन, शीतल

CC-0. In Public Domain. Digitization by eGangotri

अग्निले आनन्द दिन्छ। मन्त्रध्वनिको अभ्यास गर्दै गएपछि जगदम्बाको करुणा भएपछि गुरुद्वारा कृपा हुन्छ र मणिद्वीप धाममा जगदम्बाको अनुभूति हुन्छ। त्यसैले ब्रह्मपीठमा मनलाई स्थिर गरेर सञ्चित कर्मबन्धन र वासनालाई जलाएपछि स्थूलबाट सूक्ष्म सूक्ष्मतर हुँदै मणिद्वीपधामको यात्रामा लाग्नु पर्दछ अनि धामको दर्शन पाइन्छ। चिताग्नि प्रवेश गर्ने अनुभव गर्न क्रियायोगको सहायता विना सकिँदैन। जान्न सक्यो भने साधक परम आनन्दमा पुग्दछ।

यो श्लोक आन्तरिक साधना गर्ने साधकको लागि मात्र हो। यसको लागि धेरै क्रियाहरूलाई सिकेर मात्र जान्नुपर्ने हुँदा दिव्याचारका साधक बाहेक अरुले बुझ्न सक्दैनन्। मुख्यतया नादसाधना प्रमुख पक्ष हो। त्यसपछि अरु अवस्था स्वतःसिद्ध हुँदै जान्छ।

वदामस्ते किं वा जननि वयमुच्चैर्जडधियो
न धाता नापीशो हरिरपि न ते वेत्ति परमम्।
तथाऽपि त्वद्भक्तिर्मुखरयति चास्माननमिते[1]
तदेतत् क्षन्तव्यं न खलु पशुरोषः समुचितः ॥९॥

हे विश्वजननी! ब्रह्मा, विष्णु, महेश्वरले पनि सम्पूर्ण रूपमा हजूरको विषयमा जान्न सकेका छैनन्। हामी जस्ता

[1] चास्माकमसिते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

जडबुद्धि भएकाले के जान्नु ? तैपनि हे काली! हजूरको भक्तिले
CC-0.In Public Domain. Digitization by eGangotri
नजानीकन पनि हामीलाई मुखर बनाएकोले नै मुखमा आ
जति स्तुति गरेका छौं। पशुप्रति रीस गर्नु उचित नहुनाले
जस्तो पशुबुद्धि भएको मूर्खमाथि क्षमा राख्नु होला।

त्रिगुणका अधिष्ठाता ब्रह्मा, विष्णु, महेश्वरले प
गुणातीत अवस्थाकी विश्वजननी कालिकालाई पूर्णरूपमा जान
सक्दैनन्, किनकि जगदम्बाको विराट अस्तित्त्वको पूर्णबो
अहिलेसम्म कसैले गर्न सकेका छैनन्। जसले जुन विधाबा
जति जान्न सके त्यही अनुसार पद्धति बन्दै गयो। त्यसैला
सत्य मानेर पूजा पाठ जप आदिबाट पाउन प्रयास गरिरहे तापि
बन्धनमुक्त र दोषमुक्त अवस्था उपलब्ध नभएसम्म वास्तवि
सत्यको चिन्तन सम्म पनि गर्न सकिँदैन। स्वरूप चिन्तनक
माध्यमबाट ब्रह्मरूपिणी जगदम्बाको विराट अस्तित्त्वम
आफूलाई पूर्णरूपले समर्पण गर्न सके अद्वैत समाधि घटि
हुन्छ र साधक आफू स्वयं परमानन्दमा विलीन हुन्छ। विज्ञ गु
वा साधकको मार्गदर्शनले यो अवस्था चाँडो उपलब्ध हु
सक्दछ।

समन्तादापीनस्तनजघनदृग्यौवनवती[१]
रतासक्तो नक्तं यदि जपति भक्तस्तव मनुम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

विवासास्त्वां ध्यायन् गलितचिकुरस्तस्य वशगाः समस्ताः सिद्धौघा[२] भुवि चिरतरं जीवति कविः ॥१०॥

रातमा दिगम्बर भई केश फिँजाउँदै, सुपुष्ट तीखा स्तन र जाँघ एवं लाम्चा आँखा भएकी युवतीसँग निधुवनविलासमा संलग्न भएर हजूरको भक्तले मन्त्र जप्दछ र हजूरको श्रीविग्रहको ध्यान गर्दछ भने त्यस्ता साधकको वशमा समस्त सिद्धिहरू रहन्छन् र ऊ कवि बनेर चिरायु भै धर्तीमा बाँच्दछ।

यो ब्रह्मपीठमा भावको तलमा रहेर गरिने चिन्तन हो। पशु आचारका लागि होइन, वीराचारका साधक मध्येमा पनि जसले कन्दर्पाग्निलाई आफ्नो वशमा गरेको छ, त्यस स्तरका साधकले मात्र यो साधना गर्न सक्दछ। अन्यथा सर्वथा हानि हुन सक्दछ। यो दिव्याचारको साधना भएकोले अक्षुण्ण आनन्दमा रहेर श्रीविग्रहको चिन्तन गर्नु लाभप्रद हुनेछ।

समाः स्वस्थीभूतां जपति विपरीतां यदि सदा विचिन्त्य त्वां ध्यायन्नतिशयमहाकालसुरताम्। तदा तस्य क्षोणीतलविहरमाणस्य विदुषः कराम्भोजे वश्या हरवधु महासिद्धिनिवहाः ॥११॥

---

१ स्तनजघनभृद्यौवनवती।

२ सिद्ध्योघा।

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
हे हरवधु कालिका! महाकालसँग विपरीत रतिमा निमग्न
हजूरको स्वरूपको ध्यान गर्दै जो साधकले सधैँ जप गर्दछ,
समस्त पृथ्वीमा विचरण गर्ने त्यो विद्वानको हातमा महासिद्धिहरु
वशीभूत हुन्छन्।

मणिपीठमा विपरित अवस्थाको चिन्तन गर्दै आफू पनि
आनन्दमा रहिरहने भन्नाले आगो सल्काउन सलाई चाहिन्छ
सल्केपछि सलाईको आवश्यकता नपरे जस्तै, उर्जालाई
ऊर्ध्वगमन गराउन्जेल मात्र शक्तिको आवश्यकता पर्दछ, त्यो
पनि सम्झेर नै अग्नि उद्दीप्त हुन्छ भने साधन चाहिँदैन, नभएम
मात्र साधनको प्रयोग गर्नुपर्दछ। आनन्दमा रहेर मन्त्रध्वनि श्रवण
र विपरीत अवस्थाको चिन्तन नै यस श्लोकको तात्पर्य हो।

प्रसूते संसारं जननि जगतीं[1] पालयति य
समस्तं क्षित्यादि प्रलयसमये संहरति च
अतस्त्वां धाताऽपि त्रिभुवनपतिः श्रीपतिरपि
महेशोऽपि प्रायः सकलमपि किं स्तौति[2] भवतीम् ॥१२

हे जगज्जननी! हजूर नै सम्पूर्ण जगतको सृष्टि गर्नुहुन्छ
पालन गर्नुहुन्छ र प्रलयको समयमा पृथ्वी आदि पञ्चतत्त्वला

---

[1] भवतीं।

[2] संस्तौति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

संहरण गर्नुहुन्छ। स्मरणकारण ब्रह्मा, त्रिभुवनपति श्रीपति विष्णु र महेश पनि सम्पूर्ण रूपमा हजूरको स्तुति गर्न सक्षम छैनन् भने म जस्तो अकिञ्चन व्यक्ति कसरी सक्षम हुनसक्छ र ?

Digitized by Siddhanta eGangotri Gyaan. CC-0. Panini Kanya Maha Vidyalaya Collection.

यो श्लोकमा जगदम्बाको परा र अपरा अवस्थाको बोध गराउन खोजिएको छ। यो अवस्थाको बोध ध्यानको माध्यमबाट द्वादशान्त चक्रमा पुगेपछि मात्र हुन्छ, अन्यथा हुँदैन।

अनेके सेवन्ते भवदधिकगीर्वाणनिवहान्
विमूढास्ते मातः किमपि न हि जानन्ति परमम् ।
समाराध्यामाद्यां हरिहरविरञ्च्यादिविबुधैः[1]
प्रपन्नोऽस्मि स्वैरं रतिरसमहानन्दनिरताम् ॥१३॥

हे माता! मूर्खहरूले हजूरको महिमा नजानेर इन्द्र आदि देवताहरूको सेवा कामनापूर्तिको लागि गर्दछन्। हरि, हर र ब्रह्माबाट पनि सेवा गरिएकी हजूर सबै प्रकारको फल दिनुहुन्छ, त्यसैले रति रसको महाआनन्दमा रहेकी हे जननी! म हजूरको शरणमा छु। ममाथि प्रसन्न हुनुहोस्।

---

[1] 'विरिञ्च्यादिभिरपि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Prof. Madhav Prasad Lamichhane Collection. Digitization by eGangotri

यहाँ स्तोत्रपाठ प्राप्त हुने महा आनन्दलाई निरन्तर अनुभव गर्दै समय बिताउने साधकले जगदम्बाको साक्षात्कार गर्न सक्दछ भनिएको हो।

धरित्री कीलालं शुचिरपि समीरोऽपि गगनं
त्वमेका कल्याणी गिरिशरमणी कालि सकलम्।
स्तुतिः का ते मातस्तव करुणया मामगतिकं
प्रसन्ना त्वं भूया भवमनु न भूयान्मम जनुः[1] ॥१४॥

हे कालिके! पृथ्वी, जल, अग्नि, वायु, आकाश आदि सबैमा हजूर एक्लै व्याप्त हुनुहुन्छ। अर्थात सम्पूर्ण पञ्चमहाभूत हजूरकै स्वरूप हो। हजूर नै कैलाशवासी शिवकी कल्याणकारिणी रमणीका रूपमा रहनुभएको छ। हे आमा! हजूरको स्तुति म के गरौं ? म जस्तो अशरण माथि प्रसन्न हुनुहोस् र मलाई शरणमा लिनुहोस्, मेरो पुनर्जन्म नहोस्।

यहाँ दिव्यभावको साधक सम्पूर्ण जगतमा जगदम्बाको स्थिति अवलोकन गर्दै नतमस्तक बन्दछ। पञ्च महाभूत पनि उनै जगदम्बा आद्याशक्तिबाट प्रकट भएको दिव्यज्ञान प्राप्त भएको साधकले दिव्य दृष्टिले सर्वत्र हेर्न थाल्दछ। जगदम्बाको शरण नपरी, उहाँको करुणा प्राप्त नगरी उहाँको लीलागार

---

[1] भवमननुभूयान्मम जनुः। 'भवमनु' इत्यत्र 'पुनरपि' इति पाठोऽपि दृश्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
जगतबाट मुक्ति पाइन्न। त्यसैले अरु सबै छोडेर करुणामयी जगदम्बाको शरण पर्नु मनुष्यको लागि परम आवश्यक छ।

श्मशानस्थः स्वस्थो गलितचिकुरो दिक्पटधरः
सहस्रं त्वर्काणां निजगलितवीर्येण कुसुमम् ।
जपँस्त्वत्प्रत्येकं मनुमपि तव ध्याननिरतो
महाकालि स्वैरं स भवति धरित्रीपरिवृढः ॥१५॥

हे महाकाली! केश फिँजाई दिग्वस्त्र धारण गरेर श्मशान भूमिमा बसेर स्वस्थ्य चित्तले एक हजार आँकको पुष्प वीर्यमा मिलाई बलिरहेको चितामा मन्त्रद्वारा एक हजार आहुति हवन गर्दै हजूरको ध्यान गर्ने साधक पृथ्वीको राजा बन्दछ।

यो साधना हेर्दा त्यति कठिन नदेखिए पनि त्यति सजिलो पनि छैन। यसमा दिइएका संकेतलाई बुझ्नु पर्ने हुन्छ। जस्तै श्मशानको अर्थ शून्य, केश फिँजाउनुको अर्थ अमावश्याको रात्रि, दिक्पटधरको अर्थ निर्वाणप्राप्त साधक, अर्कपुष्प र वीर्यको अर्थ निर्वाण बीजमन्त्रको जप आदिलाई राम्ररी बुझ्नु पर्नेहुन्छ।

निर्वाण दीक्षा पाएका साधकले विकार रहित हृदय (घट्याकाश) मा जगदम्बाको चिन्तन गर्दै एक हजार पटक निर्वाण बीजमन्त्रमा समायोजन गरी कुल चक्रस्थित मणिद्वीपमा रहेको महाश्मशानमा दन्किरहेको कन्दर्प अग्निमा दैनिक एक सहस्र हवन गर्ने भनिएको हो। यस्ता साधक पृथ्वीको त के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

'अष्टादशमहाद्वीपसम्राट् भोक्ता भविष्यति' अर्थात् अठार
महाद्वीपको सम्राट् बन्दछ भनिएको छ।

गृहे सम्मार्जन्या परिगलितवीर्यं हि[1] चिकुर
समूलं मध्याह्ने वितरति चितायां कुजदिने ।
समुच्चार्य प्रेम्णा मनुमपि सकृत् कालि सतत
गजारूढो याति क्षितिपरिवृढः सत्कविवरः ॥१६॥

हे कालिके! जो साधक मङ्गलबारको दिन मध्यरातम
वीर्य मिश्रित केश जरैदेखि उखलेर बढारे जस्तै गरी हजूरको
मन्त्र प्रेम पूर्वक पढ्दै चितामा एक पटक मात्र पनि हवन गर्दछ
भने त्यो साधक हात्ती माथि चढेर पृथ्वीमा विचरण गर्
सत्कविवर राजा बन्दछ।

यो श्लोकको पनि बाहिरी र भित्री अर्थ लाग्दछ। यो
श्लोकले आन्तरिक साधनातिर संकेत गरेको छ। घर भन्नाले
देहलाई मान्नुपर्दछ। सम्मार्जन्या भन्नाले बढार कुँडार गर्नु हो
शरीर बाहिर पानीले नुहाएर सफा हुन्छ। तर भित्र पानीले सफ
हुँदैन। काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि यी ६ शत्रुल
मानिसको मन, विचार, भावनालाई दूषित बनाइराखेको हुन्छ
दोषपूर्ण अवस्थामा गरेको चिन्तन घातक बन्न सक्दछ

[1] परिगलितवीर्येण।

[2] कुसुमम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यसकारण निर्दोष अवस्था प्राप्त गर्न योगको आश्रय लिनु पर्ने हुन्छ। विज्ञ गुरुबाट ध्यानयोग सिकेपछि गुरुकृपाले माथिका आन्तरिक शत्रुबाट मुक्त हुने उपाय प्राप्त हुन्छ अनि साधना गर्दै दोषमुक्त हुनु पर्दछ। यसैलाई 'गृहे सम्मार्जन्या' भनिएको हो। 'परिगलितवीर्यं हि चिकुरम्' याने चितामा हवन गर्ने भनिएको काम ऊर्जा हो। यो दीप्त ऊर्जा सूक्ष्म रूप लिँदै ऊर्ध्व गमन गर्दछ। त्यसबेला काम ऊर्जाको प्रभाव रौँ रौँ सम्म व्याप्त हुन्छ र आनन्दको स्तर पनि बढेको हुन्छ। देहभित्र कुलचक्रको मणिद्वीपमा भएको कन्दर्पाग्निमा जगदम्बाको चिन्तन गर्दै हवन गर्ने साधक पृथ्वीको मालिक भएर हात्ती चढेर हिँड्ने सत्कविवर बन्छ भनिएको हो।

सुपुष्पैराकीर्णं कुसुमधनुषो मन्दिरमहो
पुरो ध्यायन् ध्यायन् यदि जपति भक्तस्तव मनुम्।
स गन्धर्वश्रेणीपतिरिव[1] कवित्वामृतनदी-
नदीनः पर्यन्ते परमपदलीनः प्रभवति ॥१७॥

हे आमा! हजूरको भक्तले ऋतुमतीको रजले युक्त काममन्दिरको ध्यान गर्दै हजूरको मन्त्रलाई जप्दछ भने गन्धर्वराज चित्ररथ आदि जस्तै संगीतको ज्ञाता बन्दछ,

---

[1] स गन्धर्वश्रेणीपतिरपि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC0. In Public Domain. Digitized by eGangotri
कवितारूपी अमृत नदीको स्वामी बन्दछ र देह त्याग गरेपछि जगदम्बा कालिकाको परमपदलाई प्राप्त गर्दछ।

यस श्लोकको अर्थ अत्यन्त गम्भीर छ। परमपद प्राप्त गराउने संकेत गरिएको यो श्लोकलाई राम्ररी बुझेर ध्यानमार्गबाट अघि बढ्न सके जगदम्बाको परमपद अवस्था प्राप्त हुन्छ।

त्रिपञ्चारे पीठे शवशिवहृदि स्मेरवदना
महाकालेनोच्चैर्मदनरसलावण्यनिरताम्
समासक्तो नक्तं स्वयमपि रतानन्दनिरतो
जनो यो ध्यायेत् त्वामपि जननि स स्यात् स्मरहरः ॥१८॥

पन्ध्र नित्याहरूले सजिएको त्रि-पंचपीठरूपी मंचमा शवरूप शिवमाथि उत्तानो परेर सुतेका महाकाल माथि प्रसन्न हुँदै मदनरसमा एकनासले लागिरहेकी हजूरको लावण्यको ध्यान गर्दै राती आफू पनि रतानन्दमा रहने साधक शिव समान कामजयी बन्दछ।

त्रिपञ्चार पीठ देह नै हो। चेतनाहीन अवस्था शव हो समय महाकाल हो। आनन्द अवस्था हो। अनुभूति चेतना हो यसरी हेर्दा स्वयंमपि 'रतानन्द निरत' आफू स्वयं पनि रतानन्दमा रहेर भन्नुको अर्थ रति गर्नु र रतिआनन्दको अवस्थामा रहनु साधना गर्ने व्यक्तिको लागि फरक हुन्छ। रति नगरेर पनि रति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

आनन्दको अनुभव गर्ने साधक शिव समान इच्छा किनभने ऊ कामजयी हो, त्यसैले 'स स्यात् स्मरहरः' भनिएको हो।

CC-0.In Public Domain. Digitization by eGangotri

सलोमास्थि स्वैरं पललमपि मार्जारमसिते परञ्चौष्ट्रं मैषं[1] नरमहिषयोश्छागमपि वा ।
बलिं ते पूजायामपि वितरतां मर्त्यवसतां सतां सिद्धिः[2] सर्वा प्रतिपदमपूर्वा प्रभवति ॥१९॥

हे कालिके! रौं हाड मासु सहितको बिरालो, भेंडा, ऊँट, मानिस, राँगो, बोका आदि हजूरको पूजाको समयमा बलि अर्पण गर्ने साधकको पाइलै पिच्छे सैकडौं सिद्धिहरू पछि लाग्दछन्।

तन्त्रशास्त्रमा रक्ततर्पणको प्रसङ्ग पनि छ तर बलिको अर्थ समर्पण भनेर बुझ्नु पर्दछ। बलि र रक्ततर्पण अलग-अलग विधा भएकोले जगदम्बालाई जे समर्पण गरिन्छ, त्यसलाई बलि भनिन्छ।

यहाँ बोका कामको प्रतीक हो भने राँगो, बिरालो, भेंडा, उँट अनि मानिस क्रमशः क्रोध, लोभ, मोह, मद अनि मात्सर्यको प्रतीक हो र यथार्थ साधकले यिनै षड्रिपुको बलि दिनुपर्दछ।

---

[1] परं मैषं वौष्ट्रं। 'वौष्ट्रं' इत्यत्र 'मौष' इति पाठान्तरे 'मूषकसम्बन्धि वेत्यर्थः।'

[2] न किं सिद्धिः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वशी लक्षं मन्त्रं प्रजपति हविष्याशनरतो दिवा मातर्युष्मच्चरणयुगलध्याननिरतः । परं नक्तं नग्नो निधुवनविनोदेन च मनुं जपेल्लक्षं सम्यक्[1] स्मरहरसमानः क्षितितले ॥२०॥

इन्द्रियहरूलाई वशमा राखेर हविष्य भोजन गरेर हे आमा! हजूरको दुई चरणकमलको ध्यान गर्दै दिनमा एक लाख मन्त्र जप्ने र राती वीराचारक्रमले निर्वाण भएर परस्पर केलि गर्दै युग्म चरणको ध्यान गर्दै एक लाख मन्त्र जप्ने साधक यो पृथ्वीतलमा शिव समान हुन्छ।

यो श्लोकमा दक्षिणाचार र वामाचारको संकेत गर्दै दक्षिणाचारका साधकले दिनमा हविष्य भोजन गरेर मन्त्र जप्ने, वामाचारका साधकले रातमा वीराचार क्रमबाट केलि गर्दै मन्त्र जप्नु पर्ने विधा बताइएको छ।

इदं स्तोत्रं मातस्तव मनुसमुद्धारणमनु-स्वरूपाख्यं पादाम्बुजयुगलपूजाविधियुतम् । निशार्धे वा पूजासमयमथवा[2] वा यस्तु पठति प्रलापस्तस्यापि प्रसरति कवित्वामृतरसः ॥२१॥

---

[1] जपेल्लक्षं स स्यात्।

[2] पूजासमयमनु वा / पूजासमयमधि वा।

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे माता! यो स्तोत्र हजूरका मन्त्रहरूको उद्धार गर्ने मन्त्रस्वरूपको छ। हजूरको युगल चरण कमलको दिनार्ध र निशार्धमा पूजा गर्ने विधिले युक्त यो स्तोत्र पूजाको समयमा जसले पाठ गर्दछ त्यस साधकले प्रलाप गरेपनि काव्यरसको प्रवाह हुन्छ।

कुरङ्गाक्षीवृन्दं तमनुसरति प्रेमतरलं वशस्तस्य क्षोणीपतिरपि कुबेरप्रतिनिधिः । रिपुः कारागारं कलयति परं केलिकलया चिरं जीवन् मुक्तः स भवति च भक्तः प्रतिजनुः ॥२२॥

यो कर्पूरस्तवको विधिपूर्वक पाठ गर्ने साधकको पछि पछि मृगनयनी तरुणीहरू प्रेमरसमा डुबेर पछि लाग्दछन्, कुबेरको समान धनी राजा पनि उसको वशमा हुन्छ, उसको शत्रु कारागारमा विलाप गरिरहेको हुनेछ। अनि ऊ हाँसीखुसी केलि गर्दै चिरकालसम्म जीवित रहन्छ र अन्त्यमा मृत्युपछि जगदम्बाको चरण कमलमा लीन हुन पुग्नेछ।

इति श्रीमहाकालप्रणीते कालीकर्पूरस्तोत्रे श्रीगिरिधारिभट्टविरचिता नेपालीव्याख्या सम्पूर्णा।

॥शुभम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्याख्याकारका अन्य रचनाहरू

१ सौन्दर्यलहरी र रसतरंगिणी (नेपाली व्याख्या), प्रकाशक : सत्संग परिवार, जावलाखेल, ललितपुर-४, नेपाल, सं २०४९ ।

२ गुप्तसाधनतन्त्रम्, रहस्यबोधिनी हिन्दीव्याख्यासहित, प्रकाशक : चौखम्बा संस्कृत सीरिज अफिस : वाराणसी विसं २०५१ ।

३ ज्ञानसङ्कलिनीतन्त्रम्, नेपालीव्याख्यासहित, प्रकाशक : साझा प्रकाशन, नेपाल, विसं २०६१ ।

४ तोडलतन्त्रम्, नेपालीव्याख्यासहित, प्रकाशक : सूरज शमशेर जबरा, विसं २०६९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal